छत्रकोट गाउँपालिका

Chhatrakot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

चोयगा, गुल्मी

Choyaga, Gulmi

प.सं./Ref. No.: ०८२/८३(082/83)

च.नं./Dis. No.: २६६

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मिति:२०८२।०६।०२

श्री जो जससँग सम्बन्धित छ ।

**विषयः लेखा परीक्षक सूचिकरण सम्बन्धमा**

प्रस्तुत विषयमा छत्रकोट गाउँपालिकाको मिति २०८२।०५।३१ गते को गाउँशिक्षा समितिको निर्णय अनुसार छत्रकोट गाउँपालिकाको क्षेत्रभित्र रहेका विद्यालयहरूको शैक्षिक सत्र २०८१/०८२ को वार्षिक लेखापरीक्षण कार्यका लागि प्रमाणित लेखा परीक्षक/फर्महरूलाई सूचिकृत गर्ने प्रयोजनका लागि दरखास्त आह्वान गरिन्छ। इच्छुक लेखा परीक्षक/फर्महरूले तल उल्लेखित योग्यता तथा कागजातहरू सहित तोकिएको समयमा यस गाउँपालिकामा दरखास्त पेश गर्न सकिनेछ।

आवश्यक योग्यताः

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएको प्रमाणित लेखा परीक्षक वा लेखा फर्म हुनुपर्ने।

२. विद्यालय, शैक्षिक संस्था वा सार्वजनिक निकायको लेखापरीक्षणमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

३. कर तथा कानूनी दायित्व पूरा भएको हुनुपर्ने (PAN/VAT दर्ता, कर चुक्ता प्रमाणपत्र)।

पेश गर्नुपर्ने कागजातहरूः

- पेशागत प्रमाण पत्र
- आर्थिक वर्ष २०८२/०८३ को लेखा व्यवसायी फर्म नविकरणको प्रतिलिपी
- आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
- स्थायी लेखा नम्बर (P.A.N.) र (V.A.T.) दर्ता प्रमाणको प्रतिलिपीपत्र
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- सदस्यता प्रमाणपत्रको प्रतिलिपी
- कालो सूचिमा नपरेको स्व. घोषणा पत्र

दरखास्त दिने अवधिः

यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा छत्रकोट गाउँकार्यपालिकाको कार्यालय, छत्रकोट, गुल्मीमा पेश गर्न सकिनेछ।

रुद्रहरि पुरी

प्रमुख प्रशासकीय अधिकृत

रुद्रहरि पुरी प्रमुख प्रशासकीय अधिकृत